राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

प्रेस नोट
(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ माघ १८ गते

## मानव अधिकार राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा सरोकारवाला निकायबीच छलफल

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार राष्ट्रिय कार्ययोजना अनुगमन संयन्त्र निर्माण सम्बन्धमा विभिन्न सरोकारवाला निकायहरुबीच आज काठमाडौंमा छलफल गरेको छ। कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव डा.सोमलाल सुवेदीले मानव अधिकार राष्ट्रिय कार्ययोजनालाई कार्यान्वयन गर्ने योजना सरकारसँग रहेको बताउँदै यो योजना छिट्टै कार्यान्वयन हुने धारणा राख्नुभयो।

उहाँले सरकारका संयन्त्रहरु जनताप्रति उत्तरदायी नभएको भन्ने गुनासो बढिरहेको हुँदा त्यसतर्फ सम्पूर्ण सरकारी कर्मचारीहरुको ध्यान जान जरुरी रहेको बताउनुभयो। विद्यालय शान्ति क्षेत्र बनाउने भनेर सबै राजनीतिक दलहरुले आ-आफ्नो घोषणा पत्रमा उल्लेख गर्दै सामूहिक प्रतिबद्धता व्यक्त गरेपनि त्यो व्यवहारमा अझै कार्यान्वयन हुन नसकेको तर्फ ध्यानाकर्षण गराउँदै सबैले आफ्नो काममा इमान्दारिता देखाउन आवश्यक रहेको मुख्य सचिव डा. सुवेदीको भनाइ थियो।

सो अवसरमा आयोगका अध्यक्ष अनूपराज शर्माले मानव अधिकार राष्ट्रिय कार्ययोजनामा गम्भीर एवं महत्वपूर्ण विषयवस्तुहरु समेटिएपनि त्यसलाई कार्यान्वयन गर्न सरकार गम्भीर नभएको बताउनुभयो। जिल्ला स्तरमा कार्ययोजनाको सम्बन्धमा सरकारी निकायका प्रमुखहरुलाई समेत जानकारी नभएकोले कार्ययोजनाको कामले गति लिन नसकेको उहाँले बताउनुभयो।

छलफलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सह-सचिव रमेश ढकालले मानव अधिकार राष्ट्रिय कार्ययोजना तथा राष्ट्रिय मानव अधिकार आयोगका मानव अधिकार अधिकृत बद्री सुवेदीले मानव अधिकार कार्ययोजनाको कार्यान्वयन अवस्थाको सम्बन्धमा छुट्टाछुट्टै प्रस्तुति गर्नुभएको थियो।

कार्यक्रममा आयोगका सदस्यहरु प्रकाश वस्ती, मोहना अन्सारी र गोविन्द शर्मा पौड्यालले मानव अधिकार राष्ट्रिय कार्ययोजनाको अनुगमन कार्यलाई थप प्रभावकारी बनाउन आयोगले एक छुट्टै संयन्त्र गठनको गृहकार्य गरिरहेको बताउनुभएको थियो। आयोगका अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न सरकारी निकायका प्रतिनिधि, मानवअधिकारकर्मी, पेशागत संघ संस्थाका प्रतिनिधि, नागरिक समाजका अगुवा लगायतको उपस्थिति रहेको थियो।

मोहना अन्सारी
सदस्य/प्रवक्ता